السنّة النبوية وعلومها
www.sunnah.global

“भन : ला इलाह इल्लल्लाहु वह् -दहू ला शरीक लहु, अल्लाहु -अक्बर कबीरा, वल्हम्दु -लिल्लाहि कसीरा, सुब्हानल्लाहि रब्बिल -आलमीन्, ला हौल वला कुव्वत इल्ला बिल्लाहिल -अजीजिल-हकीम ।

साअ्द (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, एक गाउँले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र भन्यो : मलाई केही जिक्रहरू सिकाउनुहोस्, जुन म पढ्न सकूँ । उहाँले भन्नुभयो : “भन : ला इलाह इल्लल्लाहु वह् -दहू ला शरीक लहु, अल्लाहु -अक्बर कबीरा, वल्हम्दु -लिल्लाहि कसीरा, सुब्हानल्लाहि रब्बिल -आलमीन्, ला हौल वला कुव्वत इल्ला बिल्लाहिल -अजीजिल-हकीम ।" उसले भन्यो : यी शब्दहरू मेरा रबका लागि हुन्, अनि मेरो लागि? उहाँले भन्नुभयो : "भन: 'अल्लाहुम्मग् -फिर्ली, वर् -हम्नी, वह्दिनी वर्जुक्नी ।' "

[सही] [मुस्लिमले वर्णन गरेका छन्]

गाउँबाट आएका एक सहाबीले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई केही जिक्रहरू सिकाउन आग्रह गरे । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : भन : "ला इलाह इल्लल्लाहु वह् -दहू ला शरीक लहु ।" उहाँले तौहीद (एकेश्वरवाद) बाट सुरु गर्नुभयो र यसको अर्थ भनेको अल्लाह बाहेक कोही सत्य पूज्य छैन । "अल्लाहु -अक्बर कबीरा" अर्थ : अल्लाह सबै भन्दा महान र ठूलो हुनुहुन्छ । "वल्हम्दु -लिल्लाहि कसीरा" अर्थ : अल्लाहप्रति उहाँका गुणहरू, कार्यहरू र अनगिन्ती आशीर्वादहरूका लागि धेरै प्रशंसा छन् । "सुब्हानल्लाहि रब्बिल -आलमीन्" अर्थ : उहाँ हरेक कमी -कमजोरीबाट पवित्र हुनुहुन्छ । "ला हौल वला कुव्वत इल्ला बिल्लाहिल -अजीजिल-हकीम" अर्थ : अल्लाहको सहयोग र तौफीक बिना एक अवस्थाबाट अर्को अवस्थामा जाने शक्ति छैन । उसले भन्यो : यी शब्दहरू मेरा रबको स्तुति र महिमा गर्नका लागि हुन्, अनि म आफ्नो लागि के दुआ गरुँ? रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : भन : "'अल्लाहुम्मग् -फिर्ली" हे अल्लाह मेरो पापलाई मेटाएर र त्यसलाई ढाकेर मलाई माफ गर्नुहोस् । "वर् -हम्नी" मलाई धार्मिक र सांसारिक लाभहरू प्रदान गरेर ममाथि दया गर्नुहोस् । "वह्दिनी" राम्रो अवस्था र सीधा मार्गमा मलाई मार्गदर्शन गर्नुहोस् । "वर्जुक्नी" मलाई धन, सुस्वास्थ्य र सबै भलाइ प्रदान गर्नुहोस् ।

https://sunnah.global/hadeeth/ne/show/6112

النجاة الخيرية
ALNAJAT CHARITY
لجنة الدعوة الإلكترونية
EDC E-Da'wah Committee